# चौतारा साँगाचोकगढी नगरपालिका बाल संरक्षण तथा बाल अधिकार सम्बन्धी कार्यविधि, २०८१

## स्वीकृत मिति : २०८१/०७/११

**प्रस्तावना** :चौतारा साँगाचोकगढी नगरपालिका क्षेत्रभित्रका बालबालिकाको हकहित र अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिका लागि नेपालकोसंविधान, बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि, १९८९, बालबालिकासम्बन्धी ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित सङ्घीय,बागमतीप्रदेश ऐन २०७६ अनुसार बाल अधिकार सम्बन्धी हक, प्रचलन, बालबालिकाको संरक्षणात्मक कार्यहरू तथा तोकिएका कानुनी दायित्वसँग सम्बन्धित थप व्यवस्थाहरूको कार्यान्वयन गर्न, गराउन तथा बालबालिकाको सर्वोत्तम हित कायम गरी बालमैत्री स्थानीय शासन प्रवर्धनका लागि कार्यविधि बनाउन वाञ्छनीय भएकोले चौतारा साँगाचोकगढी नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने बालबालिका सम्बन्धीऐन, २०७५ को दफा ४ बमोजिम चौतारा साँगाचोकगढी नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "**बाल संरक्षण तथा बाल अधिकार सम्बन्धी कार्यविधि, २०८१**" रहेको छ ।

(२) **यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।**

**परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) "अस्थायी संरक्षण सेवा" भन्नाले ऐनको दफा ६९ बमोजिमको संरक्षण सेवा सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ र प्रदेश ऐन भन्नाले प्रदेश नं. ३ को ऐन २०७६ सम्झनु पर्छ ।

(ग) "उपप्रमुख" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले बालबालिकासम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ ।

(ङ) "न्यायिक समिति" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको न्यायिक समिति सम्झनु पर्छ ।

(च) "प्रमुख" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(छ) "परिषद्" भन्नाले ऐनको दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ ।

(ज) "प्रदेश मन्त्रालय" भन्नाले वागमती प्रदेश सरकारको बालबालिकाको विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ञ) "बालकल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिमको चौतारा साँगाचोकगढी नगरपालिकाको बालकल्याण अधिकारी सम्झनु पर्छ ।

(ट) "बालगृह" भन्नाले कार्यविधिको नियम ३२ बमोजिम स्थापना भएको बालगृह सम्झनु पर्छ ।

(ठ) "बाल " भन्नाले बाल अधिकारको प्रवर्धन तथा बालसंरक्षणका लागि १८ वर्ष उमेर पुरा नभएका बालबालिकाले ऐनको दफा १० अनुरूप गठन भई यस कार्यविधिबमोजिम चौतारा साँगाचोकगढी नगरपालिकामा दर्ता भएका बाल वा संस्था सम्झनु पर्छ ।

(ड) "बाल कोष" भन्नाले जोखिममा परेका तथा विशेष संरक्षण आवश्यक भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना,शिक्षाको व्यवस्था,क्षतिपूर्ति प्रदान गर्ने समेतका कार्यका लागि कार्यविधिको परिच्छेद १० बमोजिम स्थापना गरिएको बाल कोष सम्झनु पर्छ ।

(ढ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झन् पर्छ ।

(ण) "बालमनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम तोकिएको योग्यता पुगेका व्यक्तिमध्येबाट चौतारा साँगाचोकगढी नगरपालिकामा नियुक्त बालमनोविज्ञ सम्झनु पर्छ ।

(त) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(थ) "नगरपालिका" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका सम्झनु पर्छ ।

(द) "विभाग" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको सामाजिक विकास विभाग सम्झनु पर्छ ।

(ध) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्छ ।

(न) "समाजसेवी" भन्नाले ऐनको दफा ६२ बमोजिम तोकिएको योग्यता पुगेका व्यक्तिमध्येबाट चौतारा साँगाचोगढी नगरपालिकामा नियुक्त समाजसेवी सम्झनु पर्छ ।

(प) "समिति" भन्नाले दफा ६०(२) बमोजिम गठन भएको नगर बाल अधिकार समिति सम्झनु पर्छ ।

(फ) "सेवा प्रदायक निकाय" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका नगरपालिका, वडा कार्यालय, सरकारी कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, स्रोत केन्द्र, प्रहरी कार्यालय, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र, बाल गृह, बालबालिका खोजतलास सेवा तथा बाल हेल्पलाइन सेवा समेतलाई सम्झनु पर्छ ।

(ब) "संस्था" भन्नाले बाल अधिकार प्रवर्धन तथा बालसंरक्षणका लागि प्रचलितकानुनबमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गरिरहेका संघसंस्था, संगठन तथा सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद -२

## उद्देश्य तथा सिद्धान्त

**३.उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् ;

(क) नेपालको संविधानमा उल्लेखित बालबालिकाको अधिकार तथा बालबालिका सम्बन्धी संघीय ऐन तथा प्रदेश ऐनमा भएका व्यवस्थाहरूको नगरपालिकामा कार्यान्वयन गर्ने,

(ख) नगरपालिकामा बालमैत्री शासन, बालमैत्री संरचना, बालमैत्री प्रक्रियाको अवलम्वन तथा प्रवर्धन गर्ने,

(ग) बालबालिकामाथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, अवहेलना, वेवास्ताको अन्त्यका लागि बहुपक्षीय समन्वय तथा सहकार्य स्थापित गर्ने ।

## परिच्छेद -३

## बाल अधिकारको संरक्षण तथा सम्वर्धन गर्ने

**४.बाल अधिकारको संरक्षण गर्नुपर्नेः** (१) बाल अधिकारको संरक्षण तथा सम्वर्धन गर्नु नगरपालिकाको दायित्व हुनेछ ।

(२) **बालबालिकाको स्वस्थ जीवन तथा बाच्न पाउने अधिकारको कार्यान्वयन नगरपालिकाले देहाय अनुसार गर्नेछ ;**

(क) बालबालिकाको स्वस्थ जन्मको लागि आमा तथा बच्चा दुवैको नियमित स्वास्थ्य परिक्षणलाई प्राथमिकतामा राख्नेछ,

(ख) सुत्केरी हुनु भन्दा पहिला गर्भवती महिलाको र सुत्केरी भै सकेपछि आमा बच्चा दुबैको प्रोटोकल अनुसार स्वास्थ्य परीक्षणका लागि प्रोत्साहन गर्नेछ,

(ग) गर्भवती महिलालाई स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गर्नेछ,

(घ) राष्ट्रिय खोप तालिका बमोजिमको खोप सेवा सबै बालबालिकाको पहुँचमा पुर्याउनेछ,

(ङ) स्वास्थ्य संस्थाहरूले अनिवार्य रूपमा महिनाको कम्तीमा एक पटक निःशुल्क औषधी र परिक्षण सुविधा सहितको विद्यालय स्वास्थ्य शिविर सञ्चालन गर्नेछन्,

(च) निजी स्वास्थ्य संस्थाहरूले नगरपालिका भित्रको कुनै एक सार्वजनिक विद्यालय र एक सामुदायिक वस्तीलाई आफ्नो सेवा क्षेत्र मानि निःशुल्क औषधि तथा उपचार सेवा प्रदान गर्नेछन्,

(छ) प्रत्येक विद्यालय परिसरलाई पर्खाल वा घेराबार लगाई अवाञ्छित व्यक्ति तथा चौपायाको प्रवेश रोक्नेछ,

(ज) विद्यालय क्षेत्रको २०० मिटर वरिपरिको बाटोमा सवारी साधनको गति अधिकतम २० कि.मि. प्रति घण्टा तथा हर्न निषेधित क्षेत्र कायम गर्नेछ,

(झ) सामुदायिक तथा सरकारी स्वास्थ्य केन्द्रबाट न्यूनतम वार्षिक २ पटक खोप, पोषण तथा मातृशिशु स्याहार सम्बन्धी कार्यक्रम वस्ती तथा विद्यालय स्तरमा सञ्चालन गर्न लगाउनेछ,

(ञ) स्वास्थ्य कार्यकर्ता, महिला स्वास्थ्य स्वयं सेविका र विद्यालय स्वास्थ्य नर्सलाई बाल अधिकार बाल संरक्षण, बाल सुरक्षाका विषयमा प्रशिक्षित तथा परिचालन गर्नेछ,

(ट) बालबालिकाका लागि अस्वस्थकर र हानिकारक भनी प्रमाणित गरिएको खेलौना तथा खाद्य पदार्थहरू बजारमा विक्री वितरण गर्न रोक लगाउनेछ,

(ठ) भुकम्प, बाढी पहिरो, आगलागी, वन्य जन्तुको आक्रमण, खोला जस्ता जोखिमबाट बढी प्रभावित हुने क्षेत्रमा बालबालिकाको सुरक्षाका लागि विशेष ध्यान दिनेछ,

(ड) कुनैपनि विद्यालयको २०० मिटरको दुरीभित्र मदिरा, चुरोट तथा सुर्तिजन्य लगायतका सामाग्री बिक्री वितरण तथा उपभोग गर्न रोक लगाउने छ,

(ढ) विद्यालय परिसर वरपर कुनै पनि चलचित्र, मादक पदार्थ, चुरोट, रक्सी तथा अश्लील साहित्यसंग सम्बन्धित तस्वीर, होर्डिङ बोर्ड, पोस्टर पम्प्लेट लगाएतका प्रचार प्रसार गर्न रोक लगाउने छ,

(ण) १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई सुर्ती, चुरोट तथा मदिराजन्य पदार्थ र अश्लील साहित्य तथा सामग्री विक्री वितरण गर्न निषेध गर्नेछ,

(त) स्थानीय चाडपर्व, विवाह भोज, मेला आदिमा बालबालिकाको सुरक्षालाई पहिलो प्राथमिकतामा राख्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका विद्यालय, बालबालिकासंग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवम् सामाजिक संस्थाहरूले बालबालिका विरुद्धको हिंसा वा बाल यौन दुर्व्यवहार रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कार्वाहीको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्ने अनिवार्य व्यवस्थाको लागि नगरपालिकाले सहजीकरण गर्नेछ।

**(५) नगरपालिकाले बालबालिकाको संरक्षणका लागि देहायका उपायहरू अवलम्वन गर्नेछ ;**

(क) विद्यालयमा अवाञ्छित राजनीतिक गतिविधि, हस्तक्षेप तथा बालबालिका एवम् शिक्षकहरूको दलगत परिचालनमा निषेध गरिनेछ,

(ख) प्रचलित कानून बाहेक बिना कारण विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा भर्ना हुनबाट रोक्न वा विद्यालयबाट निश्कासन गर्न नपाइने व्यवस्था लागू गरिनेछ,

(ग) विद्यालयमा शिक्षक, विद्यार्थी, प्रशासक एवम् अभिभावक तथा आगन्तुकहरूले बालबालिकाबीच कुनै पनि भेदभाव, शारीरिक तथा मानसिक एवम् यौन हिंसा र दुर्व्यहार, अवहेलना गर्न निषेध गरिनेछ,

(घ) प्रत्येक विद्यालयमा सफा पिउने पानी, शौचालयमा पर्याप्त पानीको व्यवस्था, किशोरीका लागि महिनावारी प्याडको व्यवस्था तथा विसर्जन र प्रारम्भिक उपचार बाकसको व्यवस्था गरिनेछ,

(ङ) विद्यालयमा बालबालिकाविरूद्ध हुने सबै प्रकारका हानिको न्यूनीकरण तथा भय रहित शिक्षण सिकाइका लागि बाल क्लबको रचनात्मक कार्यमा प्रोत्साहन गरिनेछ,

(च) बालबालिकाविरूद्ध हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि समुदायमा आधारित संरक्षण प्रणाली स्थापना गरी क्रियाशील बनाइनेछ र प्रेषण प्रणालीलाई प्रभावकारी बनाइनेछ,

(छ) विद्यालयमा शिक्षा तथा अन्य सुविधाका नाममा धार्मिक द्वोष फैलाउने, धर्म परिवर्तन गर्न लगाउने र फरक जात, समुदाय, सम्प्रदाय तथा संस्कृतिप्रति द्वेष तथा घृणा जगाउने कार्य निषेध गरिनेछ,

(ज) विद्यालयमा सम्वद्द सरोकारवालाको आचारसंहिता बनाइ लागू गरिनेछ,

(झ) नगरपालिका तथा वडा कार्यालयका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अनिवार्य रूपमा बाल अधिकार तथा बालमैत्री व्यवहार र बालमैत्री शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ,

(ञ) नगरपालिका तथा वडा कार्यालयहरूको विषयगत शाखाहरूको योजनामा बाल संरक्षण तथा प्रेषण प्रणाली अनिवार्य रूपमा समावेश गरिनेछ,

(ट) जोखिममा रहेका बालबालिकाको तत्काल उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि बाल हेल्पलाईन नं. १०९८ तथा हराएका, वेवारिस फेला परेका बालबालिकाको सकुशल उद्दार तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास सेवा केन्द्रको नं. १०४ को प्रचार प्रसार गरिने छ,

(ठ) नगरपालिका तथा वडा कार्यालयहरूले बाल अधिकारको संरक्षण तथा सम्वर्धनका लागि शिक्षा र स्वास्थ्यका बजेटको अतिरिक्त अनिवार्य रूपमा पुँजीगत बजेटको १० प्रतिशत विनियोजन गर्ने व्यवस्था मिलाईनेछ,

(ड) प्रत्येक वडामा न्यूनतम एक बाल उद्यानको निर्माण तथा सञ्चालन गरिनेछ,

(ढ) प्रत्येक वडामा एक बाल पुस्तकालय तथा वाचनालयको स्थापना तथा सञ्चालन गरिनेछ,

(ण) नगरपालिकास्तरमा बाल सृजना केन्द्रको स्थापना गरिनेछ,

(त) प्रत्येक परिवारले आफ्नो परिवारमा जन्मिएका बालबालिकाको जन्मदर्ता प्रचलित कानून बमोजिम ३ महिनाभित्र गरिदिने व्यवस्था लागू गरिनेछ,

(थ) प्रत्येक परिवारले ३ देखि ५ वर्ष उमेरका बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्रमा ५ देखि १७ वर्ष उमेरका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्ने र नियमित विद्यालय पठाउने व्यवस्था मिलाईनेछ,

(द)बालबालिकालाई लिङ्ङ्ग, जातजाति, रङ्ग, पारिवारिक हैसियत तथाशारीरिक र यौनिक अवस्थाका आधारमा हुने भेदभावको अन्त्यगरिनेछ,

(ध) बाल विवाहलाई पूर्ण रूपमा अन्त्य गर्नका लागि बहुपक्षीय समन्वय तथा सहकार्य गरिनेछ, समाजमा सचेतीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

(न) सबै प्रकारको बालश्रमलाई निषेध गरिनेछ,

(प) समुदायमा कसैले पनि बालबालिका विरूद्ध हिंसा, शोषण, दुर्व्यवहार गरेमा वा त्यस्ता घटना हुन लागेको थाहा भएमा नजिकको प्रहरी कार्यालय, वडा स्तरीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, स्थानीय बाल अधिकार समिति वा न्यायिक समितिमा अनुसूची-७ बमोजिम उजुरी गर्ने परिपाटीको व्यवस्था मिलाईनेछ । उजुरीमाथि न्यायिक समितिले आवश्यक कारवाही गर्नेछ ।

**६.बालबालिकाको सर्वोत्तम हित कायम गर्नुपर्नेः** (१) नगरपालिकाका प्रत्येक निकाय, बाल कल्याण अधिकारी, समाजसेवी, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ ।

**७.बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितताः** (१) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने नगरपालिका भित्रका सबै सार्वजनिक निकाय, सामाजिक संघसंस्था तथा नीजि संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(२) बालबालिकाले प्रत्यक्ष सहभागी हुने र सेवा लिने निकायहरूको संरचना र व्यवहार बालमैत्री र बाल सुरक्षित भएको सुनिश्चत गर्न नगरपालिकाले
मन्त्रालयले जारी गरेको मापदण्ड बमोजिम बालमैत्री अवस्थाको लेखाजोखा गर्नेछ।

(३) बालबालिकालाई सेवा प्रदान गर्ने निकायहरू बालमैत्री बनाउन नगरपालिकाले निर्देशन दिने, क्षमता विकास तथा सुधारका कार्यका लागि सहायता प्रदान गर्न सक्नेछ।

(४) बालमैत्री र बाल सुरक्षित नभएका निकायहरूलाई बालमैत्री संरचना निर्माण, सुधार गर्नका लागि नगरपालिकाले प्रेरित गर्नेछ ।

## परिच्छेद - ४

## बाल संरक्षण तथा बाल अधिकार सम्बन्धी संस्थागत व्यवस्था

**८. बाल क्लब गठन गर्न सकिने** (१) बाल अधिकारको प्रचलन गर्न, बाल संरक्षणका लागि कार्य गर्न तथा आफ्नो सरोकारको विषयमा समूहमा मिलेर कार्य गर्न बालबालिकाले बाल  गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम बाल क्लब गठन गर्दा १८ वर्ष उमेर नपुगेका बालबालिका सामूहिक रूपमा भेला भई निर्णय गरेर समुदायमा आधारित, विद्यालयमा आधारित तथा विशिष्टीकृत/विषयगत बाल को गठन गर्न सक्नेछन् ।

(३) बाल क्लब गठन गर्दा भिन्न उमेर, लिङ्ग, जातजाति, अपाङ्गता भएका बालबालिका लगायत स्थानीय समाजको सामाजिक तथा सांस्कृतिक विविधता समावेश हुने गरी गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास विषय वा समूहका बालबालिकालाई मात्र सदस्य बनाई विशिष्टीकृत/विषयगत बाल  गठन गर्न बाधा पुगेको मानिनेछैन ।

(५) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने प्रत्येक विद्यालयमा एक बाल  गठन गर्न विद्यालयले सहजीकरण गर्नुपर्नेछ ।

(६) बालक्लबमा आबद्ध सबै बालबालिका बाल को साधारण सदस्यका रूपमा रहनेछन् ।

(७) समुदायमा आधारित बालक्लबको हकमा सम्बन्धित बडा कार्यालयले, विद्यालयमा आधारित बाल क्लबको हकमा सम्बन्धित विद्यालयले र विशिष्टीकृत/विषयगत बाल को हकमा सहयोगी संस्था वा निकायले एकजना सहजकर्ता तोक्न सक्नेछ ।

(८) सामान्यतः बालक्लबमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सात जना सदस्य गरी एघार जनाको हुनेछ ।

तर, सो भन्दा कम संख्यामा बालबालिका रहेका कारण कम संख्याको बाल  गठन गर्न यस प्रावधानले बाधा पुगेको मानिनेछैन ।

(९) बाल क्लबमा कार्यसमितिले निर्णय गरेबमोजिम आवश्यक संख्यामा सल्लाहकार रहन सक्नेछन् ।

(१०) बालक्लबको कार्यसमितिका पदाधिकारी तथा कार्यकारी सदस्यको पदावधि दुई वर्षको हुनेछ र एक व्यक्ति एउटै पदमा एक कार्यकालभन्दा बढी रहन सक्नेछैन ।

(११) बाल क्लबको कार्यसमितिको बैठक प्रत्येक महिना कम्तीमा एकपटक बस्नुपर्नेछ ।

**९. बाल क्लबको प्रकार देहायबमोजिम तीन प्रकारका हुनेछन् :**

**(क)समुदायमा आधारित बाल क्लबः** टोल, बस्ती वा वडाभित्रका कुनै स्थान विशेष वा भौगोलिक क्षेत्रमा बसोबास गर्ने बालबालिकालाई समेटेर गठन भएका बाल क्लबलाई समुदायमा आधारित बाल क्लब मानिनेछ ।

**(ख)विद्यालयमा आधारित बाल क्लबः** विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर सोही विद्यालयमा गठन भएको बाल क्लबलाई विद्यालयमा आधारित बाल क्लब मानिनेछ ।

**(ग) विशिष्टीकृत/विषयगत बाल क्लबः** विशिष्टीकृत/विषयगत बालक्लब सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(अ) बाल अधिकार तथा बालसंरक्षणसँग सम्बन्धित कुनै खास विषय जस्तै बालिकाहरुका सवाल, स्वास्थ्य, वातावरण बालश्रम आदिमा केन्द्रित भई कार्य गर्नेगरी समुदायमा गठन भएका बाल क्लब लाई विषयगत बाल क्लब मानिनेछ ।

(आ) नगरपालिकाभित्र रहेका अन्तर्राष्ट्रिय रूपमा स्थापित स्काउट, जुनियर रेडक्रस सर्कल, लियो , लगायत स्वयंसेवी बालसमूहलाई समेत विशिष्टीकृत बाल क्लब मानिनेछ ।

(इ) नगरपालिकाभित्र रहेका बालगृहहरूमा अनिवार्य रूपमा बाल क्लब गठन गर्नु पर्नेछ, त्यस्तो बाल क्लबलाई विशिष्टीकृत बाल क्लब मानिनेछ ।

(ई) खण्ड (अ) र (इ) बमोजिमको बाल क्लबको स्थापना तथा सञ्चालन समुदायमा आधारित बाल क्लब सरह हुनेछ भने खण्ड (आ) बमोजिमको बाल क्लबको गठन, व्यवस्थापन तथा सञ्चालन सम्बन्धित संस्थाको स्वीकृत विधान वा स्थापित मान्यताबमोजिम हुनेछ ।

(उ) क, ख,ग मा उल्लेखित बाल क्लबको गठन वडा बाल सञ्जाल गठन सरह हुनेछ ।

**१०. वडा बाल क्लब वा नगर बाल सञ्जाल गठन गर्नसकिने** : (१) नगरपालिका अन्तर्गतका वडा क्षेत्रलाई समेटिने गरीप्रत्येक वडामा एक वडा बाल सञ्जाल र नगरपालिका क्षेत्रलाई समेटिने गरी एक नगर बाल सञ्जालको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको वडा बाल सञ्जालको गठन देहायबमोजिम हुनेछ :

(क) वडा बाल सञ्जालको गठन गर्ने प्रयोजनका लागि वडाभित्र गठन भई दर्ता एवम् नवीकरण भएका समुदायमा आधारित, विद्यालयमा आधारित तथा विशिष्टीकृत/विषयगत बाल क्लबका ३ बालक र ३ बालिका गरी ६ जना प्रतिनिधिलाई आमन्त्रण गरी बाल भेला आयोजना गर्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको भेलामा वडाभित्रका बहुमत संख्यामा बाल क्लबको प्रतिनिधित्व भई उपस्थित प्रतिनिधिको बहुमतले निर्णय गरेमा वडा बाल सञ्जालको गठन गर्न सकिनेछ ।

(ग) वडा बाल सञ्जालको कार्यसमितिको संरचना देहायबमोजिम हुनेछः

(१) एक जना अध्यक्ष

(२) एक जना उपाध्यक्ष

(३) एक जना सचिव

(४) एक जना कोषाध्यक्ष

(५) सात जना सदस्य

(घ) वडा बाल सञ्जालको कार्यसमितिमा अध्यक्ष र उपाध्यक्षमध्ये एक, सचिव र कोषाध्यक्षमध्ये एक र सात जना सदस्यमा कम्तीमा तीन जना बालिका हुनुपर्नेछ ।

(ङ) वडा बाल सञ्जालको पदाधिकारी तथा कार्यकारीसदस्यको चयन गर्दा समावेशी पद्धती अवलम्बन गर्दैयथासम्भव सहमतिमा गर्न र त्यसो हुन नसकेमालोकतान्त्रिक प्रक्रिया अपनाई निर्वाचन गर्नुपर्नेछ ।

(च) वडा बाल सञ्जालमा कार्यसमितिले निर्णय गरेबमोजिम आवश्यक संख्यामा सल्लाहकार रहन सक्नेछन् ।

(छ) वडा बाल सञ्जालको सहजीकरण गर्न वडा बाल अधिकार समितिले सहजकर्ता तोक्न सक्नेछ ।

(ज) वडा बाल सञ्जालको कार्यसमितिको बैठक प्रत्येक महिना कम्तीमा एक पटक बस्नुपर्नेछ ।

(३) (१) बमोजिमको नगर बाल सञ्जालको गठन देहायबमोजिम हुनेछ :

(क) नगर बालसञ्जालको गठन गर्ने प्रयोजनको लागि नगरपालिकाका सबै वडाका वडा बाल सञ्जालबाट कम्तीमा १ जना बालिका समेत ३ जनाको प्रतिनिधित्व हुने गरी नगर बाल भेलाको आयोजना गर्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको नगर बाल भेलामा उपस्थित प्रतिनिधिको बहुमतले निर्णयबाट नगर बाल सञ्जाल गठन गरिनेछ ।

(ग) नगर बाल सञ्जालको कार्यसमितिको संरचना देहायबमोजिम हुनेछ, कार्यसमितिमा प्रत्येक वडा बाल सञ्जालको प्रतिनिधित्व हुनुपर्नेछ ।

(१) एक जना अध्यक्ष

(२) एक जना उपाध्यक्ष

(३) एक जना सचिव

(४) एक जना कोषाध्यक्ष

(५) एक जना स-सचिव

(६)चौध जना सदस्य

(घ) नगर बाल सञ्जालको कार्यसमितिमा अध्यक्ष र उपाध्यक्षमध्ये एक, सचिव र कोषाध्यक्षमध्ये एक र १९ जना सदस्यमा कम्तीमा ६ जना बालिका हुनुपर्नेछ ।

(ङ) नगर बाल सञ्जालको पदाधिकारी तथा कार्यकारी सदस्यको चयन गर्दा समावेशी पद्धति अवलम्बन गर्दै यथासम्भव सहमतिमा गर्न र त्यसो हुन नसकेमा लोकतान्त्रिक प्रक्रिया अपनाई निर्वाचन गर्नुपर्नेछ ।

(च) नगर बाल सञ्जालमा कार्यसमितिले निर्णय गरेबमोजिम आवश्यक संख्यामा सल्लाहकार रहन सक्नेछन् ।

(छ) नगर बाल सञ्जालको सहजीकरण गर्न स्थानीय बाल अधिकार समितिले सहजकर्ता तोक्नेछ ।

(ज) नगर बाल सञ्जालको कार्यसमितिको बैठक प्रत्येक वर्ष कस्तीमा ३ पटक बस्नुपर्नेछ ।

(४) बाल सहजकर्तालाई बाल अधिकार, बालसंरक्षण, बाल सहभागिता र बाल सम्बन्धी आधारभूत तालिम दिनुपर्नेछ । बाल का सहजकर्ता चयन गर्दा सहजीकरण सिप भएको र सम्भव भएसम्म बाल को पूर्व सदस्यलाई प्राथमिकता दिनुपर्नेछ ।

(५) बडा बाल सञ्जाल वा नगर बाल सञ्जालले आवश्यकताअनुसार उपसमिति गठन गर्न सक्नेछ। यस्तो उपसमितिमा आवश्यक संख्यामा सदस्य रहन सक्नेछन् ।

(६) वडा बाल सञ्जाल वा नगर बाल सञ्जालको कार्यसमितिका पदाधिकारी तथा कार्यकारीसदस्यको पदावधि दुई वर्षको हुनेछ र एक व्यक्ति एउटै पदमा एक कार्यकाल भन्दा बढी रहन सक्नेछैन ।

**११. बालक्लबर वडा बाल सञ्जालको दर्ता तथा नवीकरणसम्बन्धीव्यवस्था :** (१) वडा वा नगर बाल सञ्जालको दर्ता देहायबमोजिम हुनेछ-

(क) वडाभित्र गठन भएका समुदायमा आधारित, विद्यालयमा आधारित तथा विशिष्टीकृत/विषयगत बाल क्लब तथा वडा बालसञ्जालको दर्ता सम्बन्धित वडा कार्यालयमा गर्नुपर्नेछ, यस्ता बालः हरूको अभिलेख नगर बाल अधिकार समितिमा रहनेछ ।

(ख) नगर बाल सञ्जालको दर्तानगरपालिकामा गर्नु पर्नेछ ।

(ग) बाल क्लब तथा वडा वा नगर बाल सञ्जालको दर्ता गर्न अनुसूची-४ मा तोकिएको विवरण एवम् कागजात सहित सम्बन्धित वडा कार्यालयमा वा नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(घ) खण्ड (ग) बमोजिमको निवेदन पेस हुन आएमा जाँचबुझ गरी सम्बन्धित वडा कार्यालय र नगरपालिकाले बाल क्लब तथा वडा वा नगर बाल सञ्जालको दर्ता गरी, अनुसूची-५ बमोजिमको दर्ता किताबमा विवरण दाखिला गर्नुपर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिम दर्ता किताबमा विवरण दाखिला भएका बाल क्लबलाई अनुसूची-६ बमोजिमको प्रमाणपत्र दिनुपर्नेछ ।

(२) बाल क्लब तथा वडा वा नगर बाल सञ्जालको नवीकरण देहायबमोजिम हुनेछ :

(क) बाल क्लबतथा वडा वा नगर बाल सञ्जालको नवीकरण प्रत्येक वर्ष गर्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिम नवीकरणको लागि बाल क्लब तथा बडा वा नगर बाल सञ्जालले दर्ताको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र अनुसूची-७ मा तोकिएको विवरण खुलाई सम्बन्धित वडा कार्यालय तथा नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम निवेदन पेस हुन आएमा सम्बन्धित वडा कार्यालय वा नगरपालिकाले आवश्यक जाँचबुझ गरी बाल क्लब तथा वडा वा नगर बाल सञ्जालको नवीकरण गरिदिई तत्सम्बन्धी अभिलेख दुरूस्त राख्नुपर्नेछ ।

(३) विभागले नगर बाल सञ्जालको दर्ता तथा नवीकरणको लागि निवेदन लिने, आवश्यक जाँचबुझ गर्ने, दर्ता गर्ने, दर्ता प्रमाणपत्र दिने र सो को अभिलेख राख्ने लगायतका कार्य गर्नेछ ।

(४) सम्बन्धित वडा कार्यालयले आफ्नो वडामा दर्ता, नवीकरण भई सञ्चालनमा रहेका बाल क्लब तथा वडा बाल सन्जालको अभिलेख अद्यावधिक गरी दुरूस्त राख्नुपर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिमको विवरण सम्बन्धित वडा कार्यालय तथा विभागले प्रत्येक वर्ष समितिसमक्षपेस गर्नुपर्नेछ ।

(६) समितिले बाल क्लब तथा वडा बाल सञ्जाल वा नगर बाल सञ्जालको विवरण वार्षिक रूपमा परिषद्‌मा पठाउनुपर्नेछ ।

**१२. शुल्क तथा दस्तुर नलाग्ने तथा दर्ता प्रकृयामा आवश्यक सहजीकरण गर्ने:** (१) नगरपालिकाले बाल क्लब तथा बडा वा नगरबाल सञ्जालको दर्ता तथा नवीकरण गर्दा कुनै किसिमको शुल्क, दस्तुर तथा जरिबाना नलिई निःशुल्क गरिदिनुपर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र रहेका विद्यालय, सम्बन्धित संस्था, वडा कार्यालय र विभागले बाल क्लब तथा वडा बाल सञ्जाल वा नगर बाल सञ्जालको दर्ता तथा नवीकरण प्रकृयामा आवश्यक सहजीकरण गरिदिनुपर्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र गठन तथा दर्ता हुन चाहने बाल क्लबहरूका निम्ति स्थानीय बाल अधिकार समितिले नमुना बिधान तर्जुमा गर्नुपर्नेछ ।

**१३. बालसभा आयोजना गर्ने** (१) नगरपालिकाले बालबालिका, बाल क्लब तथा वडा बाल सञ्जाल र नगर बालसञ्जालका प्रतिनिधि समेत आमन्त्रण गरी प्रत्येक वर्ष नगरबालसभाको आयोजना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बालसभाको आयोजनागर्दा नगर बाल सञ्जालका पदाधिकारीहरूको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गराउनुपर्नेछ ।

(३) नगर बालसभामा नगरपालिका क्षेत्रभित्रका प्रत्येक वडा बाल सञ्जालबाट अध्यक्षसहित ३ जनाको प्रतिनिधित्व हुनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रतिनिधित्व गर्दा विशिष्टीकृत तथा विषयगत बाल क्लबका बालबालिकाको समेत समावेशी प्रतिनिधित्व रहने गरी गर्नुपर्नेछ ।

(५) नगर बालसभाको उद्देश्य बालबालिकाको अर्थपूर्ण सहभागिताका माध्यमबाट नगरपालिकाको नीति, कार्यक्रम तथा बजेटमा बालसंरक्षण तथा बाल अधिकार प्रवर्धन गर्नु हुनेछ ।

(६) नगर बालसभाको सञ्चालन प्रकृया तथा पद्धति समितिले तोकेबमोजिम हुनेछ ।

(७) यस दफा बमोजिमको बालसभाको आयोजना वडास्तरमा समेत बडा बाल अधिकार समितिले तोकेको ढाचाँमा गर्न सक्नेछ ।

**१४. विद्यालय बाल क्लब तथा वडा बाल सञ्जालको काम, कर्तव्य र अधिकार** (१) बाल क्लब तथा बडा वा नगर बाल सञ्जालको काम, कर्तव्य र अधिकार प्रचलित कानुनमा उल्लेख भएका व्यवस्थाका अतिरिक्त देहायबमोजिम हुनेछ-

(क) बालबालिकाको आफ्नो रुचिबमोजिमको बाल क्लबमा अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्ने,

(ख) विभिन्न सिर्जनात्मक क्रियाकलाप तथा कार्यक्रमहरूको सञ्चालन गरी बालबालिकाको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्न सघाउने,

(ग) बाल अधिकार, बालसंरक्षण, जीवनोपयोगी सिप, किशोरावस्थामा आउने परिवर्तन तथा त्यसको व्यवस्थापन, यौन तथा प्रजनन स्वास्थ्य र अधिकार तथा व्यक्तित्व विकाससँग सम्बन्धित तालिममा सहभागिता गर्ने गराउने,

(घ) बाल क्लब तथा वडा बाल सञ्जाल बाल  सञ्जालको तर्फबाट बाल अधिकारसँग सम्बन्धित विशेष अभियान तथा कार्य प्रभावकारी रूपले सम्पन्न गर्न विभिन्न उपसमितिको गठन गरीपदाधिकारी तथा सदस्यका बिचमा कार्य विभाजन गरी काम गर्ने, गराउने,

(ङ) कुनै बालबालिकाको अधिकार हनन तथा कुनै प्रकारको हिंसा, दुर्व्यवहार, शोषणलगायतका कार्य रोकथाम गर्नका लागि सम्बन्धित निकाय वा सरोकारवालाको ध्यान आकृष्ट गराउने र बाल

अधिकार हननका घटनाविरूद्ध बाल क्लब तथा वडा बाल सञ्जालको तर्फबाट पहल तथा पैरवी गर्ने,

कुनै घटना घटेमा त्यसबारे सम्बन्धित निकायमा उजुरी गरी त्यसको सम्बोधनका लागिसघाउने,

(च) कला, साहित्य, सामाजिक सद्भाव, मातृभाषा, मातृ- संस्कृति आदिको संरक्षणका लागि आवाज उठाउने ।

**१५. नगर बाल सञ्जालको काम, कर्तव्य र अधिकारः** (१) बाल  सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) आफ्नो क्षेत्रभित्रका बालहरूको अभिलेख राख्ने तथा बालबालिकाका लागि उपयोगी हुने पुस्तकालय वा सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने,

ख) आबद्ध बालहरूको गतिबिधि सञ्चालन गर्न सञ्जाललाई वडा, नगरपालिका तथा अन्य सहयोगी संस्थाहरूबाट प्राप्त आर्थिक सहयोग उपलब्ध गराउने,

ग) बालक्लबहरुले सञ्चालन गरेका कार्यक्रमहरूमा अतिथिको रूपमा उपस्थित भई बालक्लबका अन्य साथीहरूलाई हौसला प्रदान गर्ने ।तर, यस्ता किसिमका गतिविधिहरू सञ्चालन गर्दा आफ्ना तथा अन्य साथीहरूको पढाइलाई असर नपर्ने गरी विदा तथा फुर्सदको दिनमा कार्यक्रम गर्न उत्प्रेरित गर्ने,

घ) बाल अधिकारसँग सम्बन्धित विशेष अभियान तथा कार्यहरू बालहरूमार्फत् प्रभावकारी रूपले सम्पन्न गर्न विभिन्न उपसमितिहरूको गठन गरी सञ्जालका पदाधिकारीहरूका बीचमा कार्यविभाजन गरी काम गर्न सकारात्मक वातावरण बनाउने.

ङ) नगरपालिकाले स्थानीय स्तरमा बालबालिकाको अधिकारसँग सम्बन्धित योजना तर्जुमा कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण चरणहरूमा सञ्जालबाट प्रतिनिधित्वको माग गर्नुका साथै अन्य बालक्लबहरूको तर्फबाट आएको योजना तथा सुझावहरू समेतलाई ख्याल गर्दै सञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने,

च) स्थानीय स्तरमा बालबालिकामाथि हुने सबै किसिमका दुर्व्यवहार, हिंसा, हेला, हेपाइ, सामाजिक कुरीति र विभेद जस्ता बालअधिकार हननका घटनाविरूद्ध बालको तर्फबाट आवश्यक पहल र पैरबी गर्ने साथै यस्ता किसिमका घटनाका विरूद्ध सम्बन्धित सरोकारवाला पक्षहरूको ध्यान आकृष्ट गराउने, सहकार्य र समन्वय गर्ने.

छ) बालक्लबहरुले आयोजना गर्ने कार्यक्रमका लागि आवश्यक स्रोतहरुको खोजी गरी सञ्जालले सहयोग माग गर्ने तथा कार्यक्रम सम्पन्न गर्न अन्य निकायहरुसँग समन्वय गर्ने,

ज) आफ्नो कार्यक्षेत्रमा सञ्चालन भएका विद्यालय भर्ना, जन्मदर्ता, बालविवाह, बालमैत्री बातावरण, खुला दिसामुक्त क्षेत्र, बालमैत्री स्थानीय शासन, विद्यालयमा भयरहित शिक्षण सिकाइको सम्बन्धमा बालबालिका सँगसँगै गर्ने अभियानहरूमा बालसञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने,

झ) बालक्लब तथा बाल अधिकारको क्षेत्रमा कार्यरत अन्य संघसस्था तथा सरोकारवालाहरूबीच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने,

ञ) आफ्नो क्षेत्रभित्र रहेका बालक्लबहरूले सम्पन्न गरेका क्रियाकलापहरूको संक्षिप्त प्रतिवेदन माग गर्ने, सो को अभिलेख राख्ने तथा नगरपालिका र नगर बाल अधिकार समितिमा पेश गर्ने,

ट) बालक्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सजूना गर्ने ।

(२)**नगरपालिकाले बाल सहभागिता प्रवर्धन गर्दा देहायका कार्य गर्न, गराउन रोक लगाउन सक्नेछ-**

(क) बालबालिकाको अध्ययनमा लगातार बाधा पुग्नेगरी कार्यक्रम सञ्चालन गर्न वा त्यस्तो कार्यक्रममा बालबालिकालाई सहभागी गराउन,

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुऱ्याउने खालका कुनै गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउन,

(ग) बालबालिकाको हितविपरीत यली, जुलुस, सभामा सहभागी गराउन,

(घ) कुनै राजनीतिक दल वा तिनका भातृसङ्गठनको पक्षपोषण गर्न वा विरोध गर्न, गराउन,

(ङ) समाजमा शान्ति, सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य कारणले विद्यालय, सरकारी निकाय, नगरपालिका तथा सुरक्षा निकायले रोक लगाएका कार्य गर्न, गराउन ।

**१६. बाल क्लबतथा वडा वा नगर बाल सञ्जालको आर्थिक दायित्व** (१) बाल क्लब तथा वडा वा नगर बाल सञ्जालले परियोजना सञ्चालन गर्ने, आर्थिक कारोबार गर्ने र लेनदेनसम्बन्धी व्यवहार गर्नुहुँदैन ।

(२) कुनै व्यक्ति वा संस्थाले बाल क्लब तथा वडा वानगर बाल सञ्जाललाई आर्थिक दायित्व दिनुहुँदैन ।

(३)उपदफा (२) मा जे सुकै व्यवस्था भए तापनि बाल क्लब तथा वडा वा नगर बाल सञ्जाललाई आर्थिक दायित्व नपर्ने गरी निःशर्त अनुदान स्यानीय तहले उपलब्ध गराउन पर्नेछ ।

(४) बाल क्लब तथा वडा वा नगर बाल सञ्जाललाई कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने सामुदायिक संस्था, विद्यालय, वडा कार्यालय वा अन्य निकायले आर्थिक दायित्व बहन गर्नेगरी कार्य सम्झौता गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम जिम्मेवारी पाएको टोल विकास संस्था, सामुदायिक संस्था, विद्यालय, वडा कार्यालय वा अन्य निकायले तोकिएको लेखा प्रणालीबमोजिम लेखा दुरुस्तराख्नुपर्नेछ ।

**१७. प्रोत्साहन/पुरस्कारको व्यवस्था नगरपालिकाले बाल सहभागिताको विषयमा उल्लेखनीय योगदान दिने बाल क्लब तथा वडा वा नगर बाल सञ्जाललाई प्रोत्साहन पुरस्कारको व्यवस्था गर्न सक्नेछ । :**

**१८. सम्पर्क स्थानको व्यवस्था गर्नुपर्ने** (१) बाल क्लब तथा बडा वा नगर बाल सञ्जालको नियमित बैठक बस्ने, सामूहिक भेटघाट गर्ने, छलफल गर्ने, कार्यक्रमको पूर्व तयारी तथा गतिविधि सञ्चालन गर्न सम्पर्क स्थानको व्यवस्थाविद्यालय, वडा तथा नगरपालिकाले गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्पर्क स्थान तोक्ने कार्यका लागि बाल क्लबका हकमा सम्बन्धित विद्यालय वा संस्था, वडा बाल सञ्जालका हकमा वडा कार्यालय र नगर बाल सञ्जालका हकमा स्थानीय बाल अधिकार समिति जिम्मेवार रहनेछ ।

**१९. बाल क्लब  तथा बाल सञ्जाल विघटन वा खारेज हुनसक्ने :** (१) देहायको अवस्थामा बाल  तथा वडा वा नगर बाल सञ्जाल विघटन भएको मानिनेछ -

(क) लगातार दुई वर्षसम्म वडा तथा नगरपालिकामा नवीकरण नगरेमा,

तर, त्यसरी नवीकरण नभएका बाल  तथा सञ्जाललाई विघटन गर्नुअघि तीन महिनाको समय दिई अद्यावधिक विवरण पेस गरी नवीकरण गर्न सूचित गर्नुपर्नेछ ।

(ख) बहुमत सदस्यले बाल  वा सञ्जालको विघटन गर्ने निर्णय गरी वडा तथा नगरपालिकामा निवेदन दिएमा ।

(२) उपदफा (१) बमोजिम बाल क्लब वा वडा वा नगर बाल  सञ्जालको दर्ता खारेज गर्नुअघि समितिले एक उपसमिति वा कार्यटोली गठन गरी वस्तुस्थिति अध्ययन गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको उपसमिति वा कार्यटोलीले दिएको लिखित प्रतिवेदन समेतका आधारमा समितिले निर्णय गरीबाल क्लब तथा वडा वा नगर बाल सञ्जालको दर्ता खारेज गर्न सक्नेछ ।

(४) विघटन भएका बालक्लब तथा वडा वा नगर बालसञ्जालको विवरण नगरपालिकाको दर्ता किताबबाट स्वतः हट्नेछ ।

(५) विघटन भएका बालक्लब तथा वडा वा नगर बाल सञ्जालका सम्पत्ति तथा दस्ताबेज सम्बन्धित विद्यालय, वडा तथा नगरपालिकाले जिम्मा लिनेछ। त्यस्तो सम्पत्ति तथा दस्तावेज अकर्को बाल  गठनको प्रयोजनमा उपयोग गर्न सकिनेछ ।

**२०.बालबालिकाको संस्था वा सञ्जालको कर्तव्य तथा दायित्वः** (१) बाल क्लब, बाल संस्था वा बाल सञ्जालका सबै उमेर, लिंग, जातजाति, अपांगता लगायत स्थानीय समाजको विविधतालाई प्रतिविम्व गर्ने गरी समावेशी हुनुपर्नेछ ।

तर, यस व्यवस्थाले बालिकाहरु मात्र सदस्य रहन सक्ने गरी विशिष्टीकृत बालक्लब वा संस्था सञ्चालन गर्न रोक लगाएको मानिनेछैन ।

(२) बालक्लब,संस्था वा सञ्जालको सदस्यता विधानमा तोकिएको प्रक्रिया बमोजिमयोग्य बालबालिका वा निजको संस्थाले सदस्यता लिन पाउने गरी खुल्ला गर्नुपर्नेछ ।

(३) बाल क्लब, संस्था वा सञ्जालको नेतृत्व वा संचालन हुने क्रियाकलापहरुमा बढिभन्दा बढि बालबालिकालाई अवसर पाउने गरी सञ्चालन गर्नुपर्नेछ ।

(४) बालक्लब ,संस्था वा सञ्जालका पदाधिकारीहरुले दुई कार्यकाल भन्दा बढि पदमा निरन्तर नबसी क्रमशः अर्का बालबालिकालाई नेतृत्वको अवसर प्रदान गर्नुपर्दछ ।

(५) बालक्लब,संस्था वा सञ्जालको सदस्यता लिन वा सञ्जालमा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य पार्न हुँदैन ।

(६) बालक्लब,संस्था वा सञ्जालले आफ्ना क्लब, संस्था वा सञ्जालका सदस्यहरुको हित हुने र दीर्घकालसम्म फाइदा पुग्ने कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

(७) बालक्लब,संस्था वा सञ्जालले दलिय राजनैतिक कार्यक्रममा सहभागी हुने वा त्यसको समर्थन र विरोध गर्ने कार्यक्रम सञ्चालन गर्नुहुदैन । तर, राजनैतिक विचारधारा र दृष्टिकोणका विषयमा वहस र छलफल सञ्चालन गर्न यस नियमलेबाधा पुर्याएको मानिनेछैन ।

## परिच्छेद-५

## नगर बाल अधिकार समिति सम्बन्धी व्यवस्था

**२१.नगर बाल अधिकार समितिको गठनः** (१) नगरपालिकामा देहाय बमोजिमको अध्यक्ष र सदस्य रहने गरी एक नगर बाल अधिकार समिति गठन गरिनेछः-

(क) उपप्रमुख-अध्यक्ष

(ख) नगरपालिकाले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्य,

(ग) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक-सदस्य

(घ) माध्यमिक विद्यालयका प्रधानाध्यापकमध्ये १ जना, फोकल शिक्षक मध्ये १ जना, सूचीकृतसमाज सेवी वा सामाजिक कार्यकर्ता वा बाल मनोविज्ञमध्येबाट १ जना, चिकित्सकवा स्टाफ नर्स मध्ये १ जना गरी नगरपालिकाले तोकेको जम्मा ६ जना -सदस्य

(ङ) नगरपालिकाको महिला, बालबालिका तथा सामाजिक जेष्ठ नागरिक शाखा प्रमुख, शिक्षा शाखा प्रमुख र जनस्वास्थ्य शाखा प्रमुख गरी ३ जनासदस्य

(च) नगर बाल सञ्जालले तोकेको १८ वर्ष उमेर पुरा नभएका १ जना बालिका सहित २ जना-सदस्य

(छ) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी-सदस्य

(ज) बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट नगरपालिकाले मनोनयन गरेका कम्तीमा१ जना महिला सहित २ जना-सदस्य

(झ) बाल कल्याण अधिकारी-सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख), (च) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (च) बमोजिम सदस्यमा मनोनयन हुनको लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,

(३)नगर बाल अधिकार समितिले आवश्यकताको आधारमा सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

**२२.स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः** (१) स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नगरपालिकालाई सुझाव दिने,

(ग) नगरपालिकाद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) नगरपालिकाभित्र हुन सक्ने बाल विवाह, बाल श्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिका लगायत उद्धारको आवश्यकता परेका बालबालिकाको उद्धार,पुनःस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ङ) आफ्नो नगरपालिकाभित्रका वडा, विद्यालय लगायतका सार्वजनिक संरचनालाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने,

(च) बालमैत्री स्थानीय शासनको अवलम्वनका साथै बालमैत्री वडा तथा पालिका घोषणाको सिंगो नेतृत्व लिने,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) नगरपालिकामा एक आर्थिक वर्षमा बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी स्थानीय वार्षिक प्रतिवेदन कार्यपालिकाको स्वीकृति लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने, समिति तथा नगरपालिकामा सुरक्षित राख्ने र सोको एक/एक प्रति प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र संघीय मन्त्रालयमा पठाउने,

(झ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) समितिको सचिवालय, जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालीम दिन तथा क्षमता अभिवृद्धि गर्न समन्वय र सहयोग गर्ने,

(ट)नगरपालिका मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायताबाट आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने,

(ठ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको स्वीकृत योजना, (३ वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालनमा सहयोग गर्ने,

(ड) स्थानीयस्तरमा बालबालिका खोजतलास नं. १०४ तथा बाल हेल्पलाइन नं. १०९८ (दश, नौ, आठ) नेपाल सञ्चालन सेवा अभिवृद्धिमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ढ) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्तिलाई समितिमा सूचिकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजीकरण गर्ने,

(ण) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न नगरपालिका र अदालतलाई सहयोग गर्ने,

(त) ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारबाही गर्न सुझाव तथा प्रतिवेदन सहित सम्बन्धित निकायमा सिफारिस गर्ने,

(थ) नगरपालिकाभित्र हुन सक्ने बाढी, पहिरो, हुरी बतास, शीत लहर र आगो जस्तो प्राकृतिक प्रकोप, मानवबाट सिर्जित संकट तथा कोरोना र इन्फ्लूइञ्जा जस्तो महामारीबाट बालबालिकाको तत्काल आकस्मिक उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने,

(द) नगरपालिकाभित्र सञ्चालित बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्दा प्राप्त विवरण सहित देहायका कुराहरूको समेत जाँचबुझ गरी सोको एक/एक प्रति वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद र मन्त्रालयमा पठाउने,

(१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

(२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालीम प्रदान गरिएको छ वा छैन,

(३) बाल  गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

(४) बालबालिकालाई ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

(५) बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

(६) बाल गृहमा आश्रित बालबालिका वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकतानुसार अन्तिम विकल्पको रूपमा बाल कल्याण अधिकारबाट व्यवस्था मिलाइ राखिएको छ वा छैन,

(७) व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्डको पालन गर्नु पर्ने कुराहरु पालन गरेको छ वा छैन,

(८) उपलब्ध स्रोत साधनलाई मध्य नजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(९) बाल संरक्षण मापदण्ड निमार्ण गरी लागू गरिएको छ वा छैन ।

(२) समितिले उपदफा (१) बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३)नगरपालिका भित्र रहेका वौद्धिक अपाङ्ग, दृष्टिविहिन र शारीरिक अपाङ्ग बालबालिकाहरूको लागि विशेष योजना निर्माण गर्ने ।

**२३.नगर बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्थाः** नगर बाल अधिकार समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ :-

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ तर दुइ बैठक बीचको अन्तर ३ महिना भन्दा बढी हुनु हुँदैन।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ ।

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**२४. उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः** (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा विज्ञ, बाल मनोविज्ञ, समाज सेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बाल का प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकतानुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि नगरपालिकाको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ ।

## परिच्छेद-६

## वडा स्तरीय बाल अधिकार समिति सम्बन्धी व्यवस्था

**२५. वडा स्तरीय बाल अधिकार समितिः** (१) वडा स्तरीय बाल अधिकार समितिमा देहाय बमोजिमको अध्यक्ष र सदस्य रहनेछन्ः-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्ति - अध्यक्ष

(ख) वडाले तोकेको महिला सदस्य सहित २ जना वडा सदस्य, माध्यमिक विद्यालयका प्रधानाध्यापकमध्ये १ जना फोकल शिक्षकमध्ये १ जना, बाल मनोविज्ञ वा चिकित्सकवा स्वास्थ्यकर्मी १ जना गरी ५ जना - सदस्य

(ग) वडा स्तरीय बाल सञ्जालले तोकेको १ जना बालिका सहित २ जना - सदस्य

(घ) नेपाल प्रहरी (उपलब्ध भएमा) - सदस्य

(ङ) बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट अध्यक्षले मनोनयन गरेका महिला सहित २ जना - सदस्य

(च) वडा सचिव- सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख), (ङ) बमोजिम मनोनित सदस्यको पदावधिचार वर्षको हुनेछ र खण्ड (ङ) बमोजिम सदस्यमा मनोनयन हुनको लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,

(ङ) सम्बन्धित वडाभित्र स्थायी बसोबास भएको।

(३) उपदफा (२) मा जुनसुकै लेखेको भएता पनि वडा सदस्य, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा अन्य पदेन सदस्यहरू तथा बाल सञ्जालका प्रतिनिधिहरूका हकमा उमेर, बसोबास क्षेत्र, शैक्षिक योग्यताको आधारमा सदस्य हुन अयोग्य मानिने छैन।

**२६. वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः** (१) वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडाबाट प्रस्तावित हुने बालबालिका र बाल अधिकार सम्बन्धी योजना, नीति र कार्यक्रमहरूको बाल अधिकारमा आधारित सहभागितामूलक ढंगबाट निर्माण गर्ने

(ख) वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गराउने

(ग) वडालाई बालमैत्री बनाउने सिङ्गो प्रक्रियाको नेतृत्व लिने

(घ) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने गराउने

(ङ) बालबालिकाको सम्बन्धमा प्राप्त उजूरीहरूको संकलन गर्ने र रायसहित न्यायिक समितिमा पठाउने

(च) बालबालिकासंग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने

(छ) वडास्तरमा बालश्रम, बाल विवाह, मानव बेचविखन, ओसारपसार, बालबालिका विरूद्ध हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जुमा गरी कार्यान्यन गर्ने

(ज) सार्वजनिक सुनुवाइका समयमा नगरपालिकाबाट सम्पन्न भएका बाल अधिकारका कार्यहरूको प्रगति विवरण सार्वजनिक गर्ने

(झ) वडा तहमा बाल अधिकारका लागि कार्यरत सरकारी निकाय, संघसंस्था, परियोजना तथा सेवाहरूको नक्सांकन गर्ने

(ञ) बाल अधिकारको संरक्षण तथा सम्वर्धनका लागि बहुपक्षीय निकायहरूसंग समन्वय तथा सहकार्य गर्ने

(ट) वडामा रहेका बाल,सञ्जाल, समूहको सूची तयार गरी स्थानीय बाल अधिकार समितिमा पेश गर्ने

(ठ) वडामा सञ्चालित बालगृह, अस्थायी संरक्षण सेवा केन्द्रहरूको अनुगमन गरी स्थानीय बाल अधिकार समितिमा प्रतिवेदन पेश गर्ने

**२७. वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्थाः** वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम निर्धारण गरिएको छः-

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ ।

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबरभएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद -७

## बाल कल्याण अधिकारी

**२८. बाल कल्याण अधिकारीको नियुक्तीः** (१) नगरपालिकाले ऐनको दफा ६१ को उपदफा

(१) बमोजिम हुने गरी एकजना बाल कल्याण अधिकारी नगरपालिकाको कर्मचारी पदपुर्ति प्रक्रिया अनुसार नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म नगरपालिकाले महिला तथा बालबालिका शाखा प्रमुख वा अधिकृत स्तरको अन्य कुनै कर्मचारीलाई बाल कल्याण अधिकारी तोक्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त बाल कल्याण अधिकारीले स्थानीय बाल अधिकार समितिको सदस्य सचिवको रूपमा काम गर्नेछ ।

**२९.बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः** बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगर बाल अधिकार समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने वा गराउने।

(ख) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत नीति र योजना अनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न नगरपालिका र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवं कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने ।

(ग) नगरपालिकाभित्र स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क संकलन, अध्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।

(घ) नगरपालिकाका जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्दार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने।

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी नगर बाल अधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने।

(च) आन्तरिक तथा अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्रीका रुपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थायी ठेगाना भएका बालबालिकाको विवरण नगरपालिकाबाट स्वीकृत गराई राष्ट्रिय बाल अधिकार परिषद्‌मा उपलब्ध गराउने ।

(छ) बालबालिका विरूद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(ज) ऐनको दफा ४९ बमोजिम नगरपालिकाभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष, तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरूकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन बालअधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने ।

(झ) नगरपालिकामा भएका बालअधिकार उल्लंघन सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्दार, राहत, संरक्षण र घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(ञ) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने ।

(ट) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने।

(ठ) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने ।

(ड) बालबालिकाको गोपनियताको हकको उल्लंघन नहुने गरी खण्ड (ग), (झ), (ञ) र प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरणआर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषदमा पेश गर्ने ।

(ढ) नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने।

(ण) समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

## परिच्छेद -८

## बाल मनोविज्ञ, समाजसेवी तथा सेवा प्रदायक निकाय सम्बन्धी व्यवस्था

**३०.समाजसेवी तथा बाल मनोविज्ञको सूचीकृत तथा छनौट** (१) नगरपालिकामा रही समाजसेवी तथा बालमनोविज्ञको रूपमा काम गर्न चाहने व्यक्तिले नगर बाल अधिकार समिति समक्ष आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समाजसेवी तथा मनोविज्ञलाई सूचीकृत गर्नका निमित्त नगर बाल अधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ।

(३) समाजसेवी तथा बाल मनोविज्ञको रूपमा काम गर्न इच्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा व्यक्तिगत विवरण सहित नगर बाल अधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उप-दफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ गर्दा नगर बाल अधिकार समितिले तोकेको न्यूनतम योग्यता पुगेका निवेदकहरूलाई समाजसेवीका रूपमा नगर बाल अधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

(५) समाजसेवीको छनौट प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथाअन्य सुविधा स्थानीय बाल अधिकार समितिको सिफारिसमा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(६) उपदफा (५) बमोजिम नियुक्त हुने समाजसेवीको पारिश्रमिक नगरपालिकाले व्यवस्था गर्नेछ ।

**३१. सेवा प्रदायक निकायको नक्सांकन तथा सूचीकरणः** (१) नगरपालिकामा रही बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्धनका लागि ईच्छुक सामाजिक संस्थाहरू नगरपालिकामा अनिवार्य रूपमा सूचीकृत हुनु पर्दछ।

(२) उपदफा (१) बमोजिम सूचीकृत गर्नका निमित्त नगर बाल अधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ।

(३) नगरपालिकामा सूचीकृत हुन इच्छुक सेवा प्रदायक निकायले सूचनामा तोकिए बमोजिमका कागजात तथा संस्थागत विवरण सहित नगर बाल अधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उप-दफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ नगर बाल अधिकार समितिले तोकेको योग्यता पुगेका निवेदकहरूलाई सेवा प्रदायक निकायको रूपमा नगर बाल अधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

(५) उपदफा (४) बमोजिम सूचीकृत भएका निकायलाई समितिले आवश्यक परेको बेलामा सम्झौता गरी सेवा प्रवाहको अवसर प्रदान गर्नेछ ।

## परिच्छेद -९

## बाल गृह वा बाल ग्राम

**३२. स्थापना र सञ्चालनः** (१)नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा जन्मिएका आफ्ना बाबु वा संरक्षकविहीन, बेवारिसे अनाथ बालबालिकाहरूलाई आश्रय र खानपिन, सुरक्षा, पालनपोषण तथा शिक्षा प्रदान गर्न स्थानीय तहले आवश्यकता अनुसार बालगृहको स्थापना सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ।

**बाल गृह स्थापनाको उद्देश्य, सञ्चालन तथा व्यवस्थापन**

क) असहाय बालबालिकाहरुलाई आश्रय दिने, खानपीन, लालनपालन तथा शिक्षा प्रदान गर्ने ।

(ख) वाल गृहमा आश्रित बालबालिकाहरुलाई आश्रयको साथै बालबालिकाको शारीरिक, मानसिक विकास र खेलकुद तथा मनोरञ्जनको सुविधाहरु उपलब्ध गराउने ।

(ग)वाल गृहमा आश्रित बालबालिकाहरुको शिक्षाको लागि आवश्यकतानुसार शिक्षकको व्यवस्थापन तथा विद्यालयमा अध्ययन गर्ने व्यवस्था मिलाउने ।

(घ)अनाथ, असहाय बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक गतिविधि तथा कार्यक्रम व्यवस्थापन गर्ने ।

(ङ)बाल गृहमा बसोबास गर्ने बालबालिका सम्बन्धी ऐनले गरेको प्रावधान बमोजिम बालगृहमा आश्रित बालबालिकाहरुको अधिकारलाई सुनिश्चित गर्ने।

(च)सम्पूर्ण बाल गृहबाट सम्पादित कार्यमा एकरुपता कायम गर्ने ।

(२) बालगृह सञ्चालन गर्न नगरपालिकाले नजिकको विद्यालयको रेखदेख र व्यवस्थापनको जिम्मेवारी दिन सक्नेछ। सम्बन्धित विद्यालय व्यवस्थापन समितिले आफै वा नगरपालिकाको समन्वयमा उपसमिति गठन गरी सञ्चालन गर्न सक्नेछ। सरकारी तथा गैर सरकारी संस्थाहरूले सञ्चालन गर्न चाहेमा ऐन नियम र कार्यविधिमा तोकिएका सर्तहरू पालना गरी नगरपालिकासँग स्वीकृति लिएर सञ्चालन गर्न सक्नेछ।

(३)बालगृहमाबालबालिका सम्बन्धी ऐन २०७५ को दफा ४८ मा उल्लेखित प्रकृतिका बालबालिकाहरूमध्ये बालगृहको क्षमता अनुसार प्राथमिकताका आधारमा छनोट गरी राख्ने ।

(४) निजी संस्था तथा सामाजिक संस्थाले बाल गृह स्थापना तथा सञ्चालन गर्न चाहेमा प्रचलित कानून, मापदण्ड र यस कार्यविधिको अधीनमा रही नेपाल सरकार वा सम्बन्धित प्रदेश सरकार वा सम्बन्धित स्थानीय तहको पूर्व स्वीकृति लिई सञ्चालन गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम सञ्चालन भएका बालगृहको अनुगमन, नियमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्वीकृति दिने सम्बन्धित तहको सम्बन्धित निकायको हुनेछ ।

(६) बालगृहको व्यवस्थापन र सञ्चालन देहाय बमोजिम हुनेछः

(क) बाल गृहमा पर्याप्त सुरक्षा व्यवस्थासहित खाने, बस्ने, सुत्ने र अध्ययनको लागि आवश्यक कोठा तथा स्थानको व्यवस्था मिलाउनुपर्ने ।

(ख) बाल गृहमा रहेका बालबालिकाको लागि आवश्यक पाठ्यपुस्तक, बालबालिकाको शैक्षिक सामग्रीको व्यवस्था गर्ने ।

(ग) बाल गृहमा बसोबास गर्ने बालबालिकामा कुनै पनि प्रकारको शारीरिक र मानसिक समस्या नहुने गरी बालमैत्री वातावरणको व्यवस्था मिलाउने ।

(घ) बाल गृहमा बसोबास गर्ने कुनै पनि बालबालिका विरुद्ध हिंसा, बाल यौन दुव्र्यवहार नहुने र भएमा सोको तत्काल कारवाही गर्ने व्यवस्था मिलाउने ।

(ङ) बाल गृहमा रहेका अपाङ्गता भएका बालबालिकाको लागि विशेष व्यवस्था गर्ने, अपाङ्गमैत्री वातावरणको व्यवस्था मिलाउने तथा बालक र बालिकाको लागि बेग्ला बेग्लै बस्ने, सुत्ने र अध्ययन गर्ने कोठा, शौचालय, र स्नानकक्षको व्यवस्था गर्नुपर्ने ।

(च) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५३ बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पुनरुथापना नभएसम्म वा त्यस्तो बालबालिका अठार वर्ष नपुगेसम्म बाल गृहमा राख्नुपर्ने ।

(छ) बाल गृहमा रहेका बालबालिकाको बाबुआमा वा अविभावक पत्ता लागेमा र बालबालिकाको उच्चतम हित हुने भएमा पारिवारिक पुनर्मिलन गराउनु पर्नेछ ।

(ज) बाल गृहमा भान्सा कोठा, भोजन कोठा, बस्ने, सुत्ने र खेलकुद मैदान सफा र स्वस्थ हुने गरी आवश्यक व्यवस्था मिलाउने ।

(ट) बालबालिकाको आवश्यक सुरक्षाको लागि बाल गृहको कम्पाउण्ड वाल तथा भवनको पूर्णरुपमा सुरक्षाको व्यवस्था मिलाउने ।

(ड) प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र स्थानीय तह (पालिका) बाट सञ्चालन भएको बालगृहको सम्पूर्ण व्यवस्थापन खर्च सम्बन्धित प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र सम्बन्धित पालिकाले नै व्यहोर्नुपर्नेछ ।

(७) बाल गृहमा भर्ना गर्ने प्रक्रियादेहाय बमोजिम हुनेछः

क) चालन गर्ने निकायले बालगृहको क्षमता अनुसार सूचना प्रकाशन गर्ने ।

ख) बालबालिका, अभिभावकहरूले बालगृहबाट उपलब्ध गराइएको फारमभरि तोकिएको कागजातहरु संलग्न गरि निवेदन दिने ।

ग) प्राप्त निवेदनका आधारमा प्राथमिकताको क्रम निर्धारण गरी छनोट समितिले प्रतिवेदन दिने ।

(८) बालगृहमा भर्ना गर्ने बालबालिका छनोट गर्ने समिति व्यवस्था देहाए अनुसार हुनेछः

क)बालअधिकार समितिका अध्यक्ष संयोजक

ख)सामाजिक विकास समितिका अध्यक्ष सदस्य

ग)शिक्षा शाखा प्रमुख सदस्य

घ)सम्बन्धित विद्यालयका प्रधानाध्यापक/ सम्बन्धित संस्थाको प्रमुख सदस्य

ङ)नगर बाल सञ्जालका अध्यक्ष सदस्य

च)नगरपालिका बाल मनोविज्ञ सदस्य

छ)बालकल्याण अधिकारी सदस्य सचिव

(९) वजेट रकम व्यवस्थापन गर्ने जिम्मेवारी देहाए अनुसार नगरपालिका वा संस्थाको हुनेछः

(क) बाल गृहमा रहेका वा रहन सक्ने बालबालिकाको संख्याको आधारमा तोकिएको मापदण्ड बमोजिम बालबालिकाको आधारभूत आवश्यकता परिपूर्ति सहित सर्वोत्तम हित हुने गरी आवश्यक वजेट रकम व्यवस्थापन गर्नु बाल गृह स्थापना तथा सञ्चालन गर्ने सम्बन्धित तहको सम्बन्धित निकाय वा संस्थाको हुनेछ ।

(ख) नेपाल सरकारले स्थापना गरेको बाल गृहको वजेट रकम नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले, प्रदेश सरकारले स्थापना गरेको बाल गृहको वजेट रकम सम्बन्धित प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले र स्थानीय तहले स्थापना गरेको बाल गृहको वजेट रकम सम्बन्धित स्थानीय सरकारले आवश्यकतानुसार वार्षिक रुपमा विनियोजन गरी व्यवस्थापन गर्नु पर्नेछ ।

(ग) उपदफा (क) र (ख) बमोजिम बाल गृहले वजेट रकम उपयोग गर्दा बालबालिकाको सर्वोत्तम हित हुने कार्यक्रममा सदुपयोग गर्नु पर्नेछ ।

(घ) प्रचलित कानून र मापदण्ड बमोजिम स्वीकृति लिई बाल गृह स्थापना तथा सञ्चालन गर्ने निजी संस्था वा सामाजिक संस्थाले आवश्यक वजेट रकमको दीर्घकालीन व्यवस्था सुनिश्चित गरेर मात्र बाल गृह सञ्चालन गर्नु पर्नेछ ।

(१०) बाल गृहले पूरा गर्नु पर्ने अनिवार्य दायित्व तथा कार्यहरुदेहाए अनुसार हुनेछः

बाल गृहले प्रचलित कानून र मापदण्ड बमोजिम तोकिएका कार्यहरुको अतिरिक्त देहायको मुख्य मुख्य
कार्यहरु गर्नु पर्नेछः

(क) ऐनमा उल्लेख गरिएका अवस्थाका बालबालिकालाई आश्रय दिने, खानपिन, पालन पोषण गर्ने, स्वास्थ्य उपचार गर्ने उचित शिक्षा तथा व्यवसायिक तालीम प्रदान गर्ने ।

(ख) बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि नियमित खेलकुद तथा मनोरञ्जनको सुविधाहरु उपलब्ध गराउने ।

(ग) आश्रित बालबालिकाको औपचारिक शिक्षाको प्रवन्ध गर्नुका साथै आवश्यकतानुसार बालगृहमा पढाउने शिक्षकको व्यवस्था मिलाउने । साथै विशेष प्रकृतिका र विद्यालय जान नसक्ने बालबालिकालाई अनौपचारिक शिक्षा तथा सीप विकासको अवसर दिलाउने ।

(घ) आश्रित बालबालिकाको सर्वोत्तम हितको लागि विभिन्न सिर्जनात्मक साहित्यिक र सांस्कृतिक बाल कार्यक्रममा सहभागी हुने अवसरको सिर्जना गरी अतिरिक्त क्रियाकलापको व्यवस्थापन गर्ने ।

(ङ) ऐनमा भएको प्रावधान बमोजिमका बालअधिकारहरु प्रवर्धन हुने व्यवस्था मिलाउने ।

(च) बाल गृहमा बाल क्लबको स्थापना गरी बाल सहभागितालाई प्रवर्धन गर्ने ।

(छ) बाल गृहमा बालमैत्री वातावरण कायम गरी बाल संवेदनशीलतालाई अभिवृद्धि गर्ने ।

(ज) बाल गृहका पदाधिकारी, कर्मचारीहरुलाई बाल अधिकार र बाल संरक्षण बारे तालीम तथा अभिमूखीकरणको व्यवस्था गर्ने ।

(झ) बालबालिकाको तोकिएको वैयक्तिक विवरण फाराम अनिवार्य पूर्ण रुपमा भरी प्रशासक वा सञ्चालकबाट प्रमाणित गरी सुरक्षित राख्ने ।

(ञ) बालबालिकाको शैक्षिक तथा स्वास्थ्य सम्बन्धी प्रगति विवरण अद्यावधिक गर्दै सुरक्षित राख्ने ।

(ट) बालबालिकाको शारीरिक र मानसिक विकासका लागि उमेर अनुसार संरक्षण, स्याहार सुसार, सुरक्षा, उचित हेरचाह तथा बालमैत्री वातावरणमा हुर्कन पाउने व्यवस्था मिलाउने ।

(ठ) असहाय, असक्त र अपाङ्गता भएका बालबालिकाको लागि विशेष व्यवस्था गरिनुको साथै उनीहरुको हेरचाह र स्याहार सुसार गर्ने उचित व्यवस्था मिलाउने ।

(ड) बालगृहमा आश्रित बालबालिकाहरुको उच्चतम हितको लागि परिवारको खोजी गरी पारिवारिक पुर्नमिलन तथा पुर्नस्थापनाको लागि आवश्यक पहल गर्ने ।्

(११) बाल गृहको अनुगमन देहाए अनुसार हुनेछः

क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह, निजी तथा सामाजिक संघ संस्थाले सञ्चालन गरेको बाल गृह बालबालिका सम्बन्धी ऐन, २०७५, नियमावली र नेपाल सरकारले तयार गरेका कार्यविधि तथा मापदण्ड अनुरुप सञ्चालन भए नभएको सम्बन्धित प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र सम्बन्धित पालिकाले नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

ख) अनुगमन गर्दा प्रचलित कानून बमोजिम र तोकिएको मापदण्ड बमोजिम सञ्चालन नभएको भए र सुधार गर्नपर्ने देखिएमा तत्काल बुँदागत रुपमा निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन पालन गर्नु सम्बन्धित बाल गृह प्रशासक, सञ्चालकको कर्तव्य हुनेछ । मुलुकभरको बाल गृह नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले जुनसुकै बेला अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन सम्बन्धित बाल गृह प्रशासक तथा सञ्चालकको साथै प्रदेश सरकार, स्थानीय तहले समेत पालना गर्नुपर्नेछ ।

## परिच्छेद -१०

## बाल कोष सञ्चालन तथा व्यवस्थापन

**३३. बालकोषः** (१) विशेष संरक्षणका आवश्यकता भएका तथा जोखिममा परेका तथा हिंसा पीडित बालबालिकाको सहयोगार्थ नगरपालिकास्तरमा एक बाल कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको बालकोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्

(क) नगरपालिकाबाट वार्षिक रूपमा विनियोजित बजेट

(ख) संघसंस्थाबाट प्राप्त हुने सहायता

(ग) निजी व्यवसाय तथा व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता

(घ) न्यायिक समितिबाट बालबालिकाविरूद्ध हिंसाका घटनामा गरिएको जरिवाना रकम

(ङ) बाल अधिकारको संरक्षण तथा सम्वर्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम

(च)अन्य तोकिएका आम्दानी

**३४. कोष सञ्चालक समितिः** (१) नगरपालिकामा बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बाल कोष सञ्चालक समिति रहनेछः-

(क) अध्यक्ष, नगर बाल अधिकार समिति,-संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक -सदस्य

(घ) लेखा प्रमुख-सदस्य

(ङ) नगर बाल अधिकार समितिका सदस्य मध्ये समितिले तोकेको २ जना-सदस्य

(च) बाल कल्याण अधिकारी-सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

**३५. बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।

(क) तत्कालीन समयमा नगरपालिकाभित्र आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका नगर बालसंरक्षण समिति, गाउँ बालसंरक्षण समिति र वडा बालसंरक्षण समितिका नाममा रहेको बाल उद्धार कोषको नाममा रहेको सबै कोष रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने गराउने,

(ख) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनस्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ग) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(घ) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(ङ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(छ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ज) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(झ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ञ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने

(ट) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने।

**३६. बाल कोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्थाः** समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम कायम गरिएको छः-

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यहरुलाई दिनु पर्नेछ।

(४) समितिको दुई तिहाइ सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनस्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्ने सक्नेछन् । तर सो खर्च रकम तत् पश्चात बस्ने समिति को बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

**३७.कोषको प्रयोग प्रयोजनः** (१) बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाकालाई राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, छात्रवृत्ति, आर्थिक तथा जिन्सी सहायता जस्ता सेवा प्रदान गर्न,

(ग) बालबालिकाको हक हित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउनबालकोषबाट गरिने बालबालिकाको सहयोगका लागि कोष सञ्चालक समितिले तोके बमोजिमको कागजात पेश गर्नुपर्नेछ ।

**३८. कोषको खाता सञ्चालनः** (१) कोषको रकम समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट बैकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंकमा खाता खोली सञ्चालन गरिनेछ।

(२) उपदफा १ बमोजिमको खाता सञ्चालनका लागि चौतारा साँगाचोकगढी नगरपालिको हकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**३९. कोषको लेखा र लेखापरीक्षणः** (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) कोषको अन्तिम लेखा लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ।

## परिच्छेद-११

## विविध

**४०. स्रोतको व्यवस्थापनः**चौतारा साँगाचोकगढी नगरपालिका तथा वडाले बाल अधिकारको संरक्षण तथा सम्वर्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

४१. **प्रोत्साहन पुरस्कारको व्यवस्थाः** बाल अधिकारको संरक्षण तथा सम्वर्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बाल, सञ्जाल तथा संघसंस्थालाई चौतारा साँगाचोकगढी नगरपालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ ।

४२. **कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ।

४३. **संसोधन गर्न सकिनेः** यस कार्यविधिलाई कार्यपालिकाले आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ।

४४. **खारेजी र बचाउः** यो कार्यविधि बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा बागमती प्रदेश सरकारको कानूनसंग बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछ र नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा लेखिएको कुराहरू मान्य हुनेछ।

४५. **यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** नगरपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण र सम्बर्धन प्रक्रियाहरू अवलम्वन गर्न कुनै बाधा पर्ने छैन।

अनुसूची-१

(............सँग सम्बन्धित)

**संस्था/बाल क्लव/सञ्जाल सूचीकृत प्रमाणपत्रको नमुना**

चौतारा साँगाचोकगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

चौतारा साँगाचोकगढी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

**<u>सूचीकृत/आवद्धता प्रमाणपत्र</u>**

आवद्धता नं.- मितिः-

श्री..........................................................संस्था/बाल क्लव/सञ्जाल

चौतारा साँगाचोकगढी.........................., सिन्धुपाल्चोक ।

सिन्धुपाल्चोक जिल्ला भएको..............चौतारा साँगाचोकगढी नगरपालिका वडा नं............... को ........।........विद्यालय/समुदाय/बालगृह/बाल सुधार गृहमा गठन ..............संस्था/बाल क्लव/सञ्जाललाई यस चौतारा साँगाचोकगढी नगरपालिकामा आवद्धता गरी चौतारा साँगाचोकगढी नगरपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०८१ को परिच्छेद ........ दफा ......... ले व्यवस्था गरेअनुसार आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ ।

बालअधिकार संरक्षण र सम्वर्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ तथा बालबालिका सम्बन्धी ऐन, २०७५, प्रदेश राजपत्र-२०७६ लगाएत बालबालिका सम्बन्धी विद्यमान कानूनहरुको अधीनमा रही यस नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछौ ।

**प्रमाणित गर्ने**

नाम :

पद :

दस्तखतः

अनुसूची- २

(.............सँग सम्बन्धित)

**संस्था/बाल क्लव/सञ्जाल आवद्धताको लागि निवेदनको ढाँचा**

मिति :

श्री प्रमुखज्यू,
चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा साँगाचोकगढी, सिन्धुपाल्चोक ।

**विषयः - संस्था/बाल /सञ्जाल सूचीकृत/आबद्धता गरी पाऊँ भन्ने बारे।**

महोदय,

हामीले .......................................नामको संस्था/बाल क्लव सञ्जाल खोल्न चाहेकोले चौतारा साँगाचोकगढी नगरपालिका, नगरकार्यपालिकाबाट स्वीकृत "**बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि, २०८१**" को परिच्छेद...... दफा.......ले गरेको व्यवस्था बमोजिम संस्था/बाल /सञ्जाल सूचीकृत/आवद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं।

प्रस्तावित संस्था/बाल सञ्जालको विधानको एक प्रति, सिफारिस, संस्था/बाल /सञ्जाल आवद्धता अभिलेख फारम र यथाशक्य समूहका पदाधिकारीहरुको जन्म दर्ता प्रमाणपत्रको फोटोकपी यसैसाथ संलग्न गरिएको छ।

भवदीय
अध्यक्ष

**बालक्लव आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरुः**

१) अनुसूची २ अनुसारको निवेदन,

२) संस्था/बाल /सञ्जालको विधान २ प्रति (संस्था/बाल /सञ्जालको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण, संस्था/बाल /सञ्जालको सदस्यताको किसिम,सदस्यता लिने प्रक्रिया तथा कार्य समितिमा रहने पदहरुको विवरण सहित)

३) बालक्लवको निर्णय,

४) विद्यालयको हकमा विद्यालयको सिफारिस,

५) वडाको सिफारिस,

६) बालक्लवको कार्यसमितिको बालबालिकाको नामथर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रतिलिपि ।

अनुसूची -३

(.............सँग सम्बन्धित)

**संस्था/बाल क्लव/सञ्जाल नवीकरणको लागि निवेदनको ढाँचा**

मिति :-

श्री प्रमुखज्यू,
चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा साँगाचोकगढी, सिन्धुपाल्चोक ।

**विषयः - संस्था/बाल सञ्जाल नवीकरण गरी पाऊँ भन्ने बारे।**

महोदय,

सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका वडा नं....... स्थित ................ विद्यालय/समुदाय/बालगृह/बाल सुधार गृहमा आधारित हाम्रो .................................नामको संस्था/बालक्लव/सञ्जाल चौतारा साँगाचोकगढी नगरसभाबाट स्वीकृत **"बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि, २०८१"** को परिच्छेद.... दफा..... ले गरेको व्यवस्था बमोजिम मिति......... मा दर्ता/सूचीकृत भै क्रियाशील रहदै आएको छ। हाम्रो आवद्धता/दर्ता/सूचीकृत नं...... रहेको छ। यस सिलसिलामा बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०८१ को परिच्छेद..... दफा..... ले गरेको व्यवस्था बमोजिम संस्था/बाल सञ्जाल नवीकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं।

हाम्रो संस्था/बाल /सञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरुको संक्षिप्त विवरण, संस्था/बाल /सञ्जालमा रहेका सदस्यहरु तथा कार्यसमितिमा रहेका पदहरुको विवरण यसैसाथ संलग्न गरिएको छ।

भवदीय
अध्यक्ष

**संस्था/बाल क्लव/सञ्जाल नवीकरणका लागि संलग्न गर्नुपर्ने कागजातहरुः**

१) अनुसूची २ अनुसारको निवेदन,
२ ) संस्था/बाल /सञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरु,
३) संस्था/बाल /सञ्जालको निर्णय,
४) विद्यालयको हकमा विद्यालयको सिफारिस,
५) वडाको सिफारिस,
६) संस्था/बाल /सञ्जाल दर्ताको प्रतिलिपि

अनुसूची - ४

(दफा २३ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित )

बाल  तथा वडा बाल  सञ्जाल वा चौतारा साँगाचोकगढी बाल  सञ्जाल

**दर्ताको लागि दिइने निवेदनको ढाँचा**

मिति : ...................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू/वडा सचिवज्यू,
चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, .......... वडा कार्यालय
सिन्धुपाल्चोक, नेपाल ।

**विषयः बाल /वडा बाल  सञ्जाल/नगर बाल सञ्जाल दर्ता गरी पाऊँ ।**

महोदय,

हामी ......... जना सदस्य रहेको ........................ नामको बाल  वडा बाल  सञ्जाल / महानगर बाल  सञ्जाल गठन गर्न चाहेकोले बालबालिकासम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (५) तथा **चौतारा साँगाचोकगढी नगरपालिका बालसंरक्षण तथा बाल अधिकार सम्बन्धी कार्यविधि, २०८१** बमोजिम बाल क्लव/वडा बाल सञ्जाल/महानगर बाल  सञ्जाल दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन पेस गरेका छौं ।

संलग्न गरिएका कागजात :

१. प्रस्तावित बाल  वडा बाल  सञ्जाल/नगर बाल  सञ्जालको विधान,

२. प्रस्तावित बाल  वडा बाल  सञ्जाल/महानगर बाल  सञ्जाल गठन गर्ने सम्बन्धमा भएको छलफल एवम् निणयको प्रतिलिपि,

३. बाल  वडा बाल  सञ्जाल/नगर बाल  सञ्जालमा आबद्ध सदस्य तथा पदाधिकारीको विवरण,

४. बाल  वडा बाल  सञ्जाल/महानगर बाल  सञ्जाल दर्ता गर्न इच्छुक बालबालिकाको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा वडा कार्यालयको सिफारिस पत्र,

५. बाल  वडा बाल  सञ्जाल/महानगर बाल  सञ्जालको उद्देश्य तथा सोमार्फत गरिने मुख्य कामको विवरण ।

निवेदक

नाम थरः

पद :

सम्पर्क नं.:

अनुसूची - ५

(दफा २३ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)

# बाल /वडा बाल सञ्जाल/नगर बाल /सञ्जालको दर्ता, नवीकरण तथा सूचीकरणको किताब

चौतारा साँगाचोकगढी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय ................. वडा कार्यालय

सिन्धुपाल्चोक जिल्ला

बागमती प्रदेश, नेपाल ।

बाल वडा बाल सञ्जाल/नगर बाल सञ्जालको दर्ता, नवीकरण तथा सूचीकरणको किताब

| क्र. सं | बाल वा सञ्जालको नाम | ठेगाना | बाल क्लव वा सञ्जालको सदस्य संख्या | | सहजकर्ताको नाम | स्थापना भएको मिति | दर्ता नंर मिति | सम्पर्क नं | प्रमाणपत्र बुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची-६

(.............सँग सम्बन्धित)

**संस्था/बाल क्लव/सञ्जाल सूचीकृत प्रमाणपत्रको नमुना**

चौतारा साँगाचोकगढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चौतारा साँगाचोकगढी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

**सूचीकृत/आवद्धता नवीकरण प्रमाणपत्र**

आवद्धता नं.- मितिः-

श्री........................................... संस्था/बाल क्लव/सञ्जाल

चौतारा साँगाचोकगढी..................., सिन्धुपाल्चोक ।

सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका वडा नं..... को ................. विद्यालय/समुदाय/बालगृह/बाल सुधार गृहमा गठन भै मिति........... मा यस नगरपालिकामा दर्ता/सूचीकृत/आवद्ध भएको ............आवद्धता नं. को संस्था/बाल क्लव/सञ्जाललाई **बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि, २०८१** को परिच्छेद....... दफा.... ले व्यवस्था गरे अनुसार आवद्धता नवीकरणको प्रमाण पत्र प्रदान गरिएको छ।

बाल अधिकार संरक्षण र सम्वद्र्धन कार्यमा नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ लगाएत बालबालिका सम्बन्धी विद्यमान कानूनहरुको अधीनमा रही यस नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछौ।

**प्रमाणित गर्ने :**

नाम :

पदः

दस्तखत :

अनुसूची-७

चौतारा साँगाचोकगढी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

चौतारा साँगाचोकगढी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

**संस्था/बाल क्लव/सञ्जाल सचीकरण नवीकरणको दर्ता किताव**

| क्र. सं | संस्था/बाल क्लव/सञ्जालको नाम | ठेगाना | संस्था/बाल क्लव/सञ्जालमा सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नंर मिति | सम्पर्क नं | नवीकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसुची -८

## नगर बाल अधिकार समिति तथा न्यायिक समितिमा उजुरी दिने निवेदनको ढाँचा

चौतारा साँगाचोकगढी नगरपालिका

नगर बाल अधिकार समिति

चौतारा साँगाचोकगढी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

**<u>उजुरी निवेदन फारामको ढाँचा</u>**

मिति :

१. विद्यार्थीको नाम थर ......................................................................

(आफूलाई नाम थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने)

२. कक्षा.............. (आफूलाई कक्षा लेख्न मन नलागेमा नलेख्दा हुने)

३. विद्यालयको नाम ......................................................................

४. उमेर ........................................................................................

५. लिङ्ग ......................................................................................

६. गुनासो तथा घटना ....................................................................

७. घटना घटाउने व्यक्ति .................................................................

८. घटनाको प्रकृति .........................................................................

९. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो ...................................

१०. घटना वा समस्या समाधानका सम्भावित उपायहहरू के हुन सक्दछन?

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

निवेदकको दस्तखत

(दस्तखत गर्न मन नलागेमा नगर्दा पनि हुने)